जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९,

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ | अंक १८८ | २०८० साल फागुन १५ गते मंगलबार (27 Feb. 2024 Tuesday) | मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : पटेर्वाघाट पुल उद्घाटनपछि स्थानीय. ३ पृष्ठमा : राष्ट्र बैंकले बैंकिङ क्षेत्र ढल३ पृष्ठमा : पाकिस्तानी राष्ट्रपतिद्वारा ...

# एक वर्षदेखी तलब नपाएका शिक्षक तथा विद्यालय कर्मचारीद्वारा विद्यालय बन्द गरि गाउँपालिकामा धर्नामा



**लामो समयदेखी आफूहरुले तलब पाउन नसक्दा गरगहना बन्धकी राखेर काम चलाएको र अहिले त्यसको ब्याज तिर्न पनि समस्या भएको शिक्षकहरुको गुनासो छ ।**

**दैनिक समाचारदाता**
**राजविराज, १४ फागुन ।**

एक वर्षदेखी तलब नपाएको भन्दै सप्तरीको विष्णुपुर गाउँपालिकाका शिक्षक तथा विद्यालय कर्मचारीहरुले सोमबार पालिकाका सबै विद्यालय बन्द गरि गाउँपालिका कार्यालय अगाडी धर्नामा बसेका छन् ।

शिक्षक र विद्यालय कर्मचारीहरुद्वारा गठित संघर्ष समितिको अगुवाईमा विद्यालय बन्द गरि धर्ना कार्यक्रमको आयोजना गरिएको हो ।

संघर्ष समितिको अगुवाइमा पालिका अगाडी धर्ना कार्यक्रम सुरु भएसँगै गाउँपालिका भित्र रहेका सबै १८ वटै विद्यालयको पठनपाठन समेत ठप्प भएको छ ।

संघर्ष समितिका पदाधिकारी रुपकान्त मिश्रले आफूहरुको माग पुरा नभएसम्म पठनपाठन अवरुद्ध राख्ने बताए । उनका अनुसार पालिकाभित्र रहेका ५ मावि र १३ आधारभूत विद्यालयका करिब १ सय ७५ जना शिक्षक र विद्यालयका कर्मचारीले विगत एक वर्ष भन्दा बढी समयदेखीको तलब पाउन सकेका छैनन् ।

अर्का शिक्षिका रामपरि देवी यादवले विगत एक वर्षदेखी आश्वासन मात्र पाइने गरेकाले बाध्य भई विद्यालय बन्द गरि धर्नामा बसेको बताउँदै कोही शिक्षक १७ महिनादेखी त कोही शिशक्षक १२ महिनादेखी तलब पाउन नसकेको जानकारी समेत दिइन् ।

लामो समयदेखी आफूहरुले तलब पाउन नसक्दा गरगहना बन्धकी राखेर काम चलाएको र अहिले त्यसको ब्याज तिर्न पनि समस्या भएको शिक्षकहरुको गुनासो छ ।

प्रमुख प्रशासकीय अधिकृत उज्वल आनन्दले केही समयअघि सम्पन्न गाउँसभामा देखिएको केही कानुनी जटिलताका कारण समयमै शिक्षक र विद्यालय कर्मचारीलाई तलब खुवाउन समस्या भएको बताउँदै आएका छन् ।

शिक्षकहरुले कार्यवाहक अध्यक्ष रेणु कुमारी यादवले शिक्षकहरुको तलब खुवाउन भन्दै चार महिना अघि नै प्रमुख प्रशासकीय अधिकृत आनन्दलाई अख्तियारी दिइसकेपनि लस्उनी कार्यालय पनि कमै आउने गरेको गुनासो गरेकी छिन् । पछिल्लो समय भने गाउँपालिकाले प्रमुख प्रशासकीय अधिकृत आनन्दको सरुवा नै भइसकेको जानकारी गराएपछि शिक्षकहरु थप आन्दोलित भएका छन् ।

शिक्षकहरुले अघिल्लो दिन मात्र समस्या समाधानका लागि प्रमुख जिल्ला अधिकारी किरण थापा र कार्यवाहक अध्यक्ष यादवलाई एक ज्ञापनपत्र बुझाई तत्काल आफूहरुको माग सम्बोधन नगरिए विद्यालय बन्द गरि धर्नामा बस्ने जानकारी गराएका थिए । तर पनि तलब खुवाउने तर्फ कुनै पहल नहुँदा बाध्य भई विद्यालय बन्द गरि धर्नामा बस्नु परेको शिक्षकहरुको भनाई छ ।

विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादव, लेखापाल टेकनारायण यादव हाल निलम्बित अवस्थामा छन् । एक घुस प्रकरणमा मुछिएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीहरु बिरुद्ध विशेष अदालतमा आरोप पत्र दायर गरेपछि उनीहरु निलम्बित भएका हुन् । गाउँपालिका अहिले कार्यवाहक अध्यक्ष भएर उपाध्यक्ष रेणुकुमारी यादवले चलाउँदै आएकी छिन् ।

# ग्यास सिलिन्डर विस्फोट हुँदा एकको मृत्यु, पाँच जना घाइते

**दैनिक समाचारदाता**
**बारा, १४ फागुन ।**

बारा जिल्लाको निजगढ नगरपालिका ७ मा सोमबार ग्यास सिलिन्डर विस्फोट हुँदा एक जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् ।

निजगढ बजारमा सञ्चालनमा रहेको रेशम मगरको वर्कसप लेथमा ग्यास वेल्डिङ गर्ने क्रममा दिउँसो करिब १२ बजे ग्यास सिलिन्डर विस्फोट भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

घटनामा घाइते भएका मध्ये ४५ वर्षीय रेशम मगरको पर्साको वीरगन्जस्थित बयोधा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरी प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिए ।

यस्तै घटनामा घाइते भएकाहरु वीरगन्ज महानगरपालिका ९ बस्ने ३४ वर्षीय फिरोद देवान र २० वर्षीया रितु रजतका साथै भारत घर भएका ३५ वर्षीय राकेश जयसवाल र २० वर्षीय अरविन साहको सोही अस्पतालमा उपचार भइरहेको छ ।

घटनामा घाइते ४५ वर्षीय सूर्यबहादुर थापाको बाराकै सामुदायिक प्रसूति गृह अस्पतालमा उपचार भइरहेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको नायब उपरीक्षक दधिराम न्यौपानेले बताए ।

# राजेन्द्र महतोद्वारा लोसपा परित्याग




**दैनिक समाचारदाता**
**काठमाडौं, १४ फागुन ।**

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) का वरिष्ठ नेता राजेन्द्र महतोले सोमबार पार्टी परित्यागको घोषणा गरेका छन् ।

काठमाडौं पत्रकार सम्मेलन गरेर पार्टी परित्यागको घोषणा गर्दै औपचारिक रूपमा 'राष्ट्रिय मुक्ति क्रान्ति' नामक अभियानको घोषणा समेत गरे ।

पत्रकार सम्मेलनमा महतोले तत्कालका लागि आफूले अभियान घोषणा गरेको र आफू वैकल्पिक शक्ति निर्माणमा लागेको भन्दै उनले विचार मिल्नेहरु जोसुकै पनि

*बाँकी अन्तिम पृष्ठमा*

रक्तदान गरौं, स्वस्थ जीवन बिताऔं

- तपाईं हामीले दिएको एक युनिट रगतले तीनजनासम्मको ज्यान बच्न सक्दछ,
- हरेक स्वस्थ व्यक्तिले तीन-तीन महिनामा रक्तदान गर्न मिल्दछ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान दानमध्ये सबैभन्दा ठूलो दान अर्थात् जीवन दान हो,
- प्रयोगमा नआएको रगत सम्बन्धित ठाउँमा फिर्ता गरौं

आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### पत्रकारिताको नाममा बिकृती बढ्दै

पत्रकार र पत्रकारिताको नाममा अहिले मुलुक भर बिकृती बढ्दै गएको छ । पत्रकार समाजलाई सही बाटोमा देखाउने एउटा ऐनाको रुपमा चिनिन्छ । तर, पत्रकारको नाममा केही गलत तत्वहरुले समाजलाई दुषित पार्ने कार्यमा लागिपरेका छन् । केही पत्रकारहरुले यसलाई बार्गेनिङ, ब्याकमेलिङ र हतियारको रुपमा प्रयोग गर्ने गरेको पाइएको छ । यस्ता काममा सबैभन्दा अग्रपंक्तिमा छन् यूटुबर मिडिया । जसलाई नेपालको सूचना विभाग, प्रेस काउन्सील समेतले मान्यता दिएको छैन् । त्यसपछि केही व्यक्ति आफूलाई ठूलो मिडियासँग आवद्ध भएको भन्दै त्यस्ता कार्यमा लागेका छन् । यद्दपी केही अफवाद बाहेक यूटुबरहरु यस्ता कार्यमा बढी लागेका छन् । जसकारण अहिले सिंगो पत्रकारिता क्षेत्र नै बदनाम भइरहेको छ । त्यति मात्र होइन् । यस्ता यूटुबरहरुले सामाजिक संजालमार्फत भ्रुठो, तत्यहीन समाचार लाइभ गरेर व्यक्ति तथा संघसंस्थालाई सुनियोजित ढंगले बदनाम गर्ने प्रयास समेत गर्ने गरेका छन् । उनीहरुको संजालको अगाडी प्रशासन पनि मुकदर्शक बनेका छन् । व्यापारीहरुलाई बार्गेनिङ गरेर मोटो रकम तिर्न बाध्य पार्दै आइरहेका छन् यस्ता यूटुबरहरु । तर, स्थानिय प्रशासन उनीहरुको सामु निरिह समेत भएका छन् । आफूलाई पत्रकार भन्न रुचाउने त्यस्ता यूटुबरहरुको करतुतप्रति सम्बन्धीत निकायले कारवाही गर्नेतर्फ अग्रसरता नहुनुले शंका उठ्नु स्वभाविकै हो ।

पत्रकारिता गर्न प्रसस्त मार्गहरु छन् । विभिन्न विषयहरु छन् तर ती विषयहरुलाई छोडेर एकतर्फी रुपमा आफूलाई प्रस्तुत गरेर समाजको अगाडी नाङ्गिदै छन् उनीहरु । यस बाहेक असार मसान्तमा विभिन्न पालिकाहरुमा पत्रिकाको नाममा आफुखुशी बिल पेश गर्ने होडबाजी पनि चलेको छ । बजारमै नदेखिने पत्रिकाले लाखौं रकमको बिल पेस गरेर भुक्तानी माग्नु अर्को दुर्भाग्यपूर्ण अवस्था छ । यसले पत्रकारिता गरिरहेका पत्रकार र बजारमा नियमित रुपमा प्रकाशन भइरहेका पत्रपत्रिकाको हकमा अन्याय भइरहेको गुनासा पनि सुनिन थालिएको छ ।

तसर्थ यस्ता बिकृतीहरुलाई निर्मुल पार्न नेपाल पत्रकार महासंघ, प्रेस काउन्सील नेपाल, सूचना विभाग लगायत मिडियासँग आवद्ध निकायले समयमै आवश्यक कदम उठाउनु जरुरी रहेको छ । अन्यथा यस्ता पत्रकार र पत्रकारिताका कारण बास्तविक पत्रकारिता गरिरहेका पत्रकार, पत्रिका र समाजलाई नै क्षति पुऱ्याउने कुरामा शंका नहोला ।

# पटेर्वाघाट पुल उद्घाटनपछि स्थानीय भन्छन्- समयमै निर्माण हुनेमा उत्साही छौं

**टीकाराम सुनार र सुदीप राउत**
जनकपुरधाम, १४ फागुन (रासस) ।

धनुषाको सबैला नगरपालिका-४ र सिरहाको कल्याणपुर नगरपालिका-५ जोड्न कमला नदीमा छ सय मिटर लामो पक्की पुल निर्माण हुने भएपछि स्थानीयले प्रसन्नता व्यक्त गरेका छन् । गत शनिबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पुलको शिलान्यास गर्नुभएसँगै स्थानीयहरु वर्षौंपछिको समस्या समाधान हुने भन्दै खुसीयाली व्यक्त गरे ।

सबैला नगरपालिका-४ का अध्यक्षसमेत रहनुभएका स्थानीय सत्यनारायण यादवले आफूले बाल्यकालमै पटेर्वाघाटमा पुल बन्ने हल्ला सुने पनि अहिले आएर पुल निर्माणले साथर्कता पाउने अवस्था आएको बताउनुभयो । प्रधानमन्त्री दाहालले पुलको शिलान्यास गर्दै व्यक्त गर्नुभएको प्रतिबद्धतापछि स्थानीयसँगै आफू पनि समयमै पुल निर्माण हुनेमा आशावादी बनेको उहाँले राससलाई सुनाउनुभयो ।

"बाल्यावस्थामै पुल बन्छ भन्ने सुनिएको हो तर ढिलै भए पनि निर्माण सुरु भएको छ । अब निर्धारित समयमै पुल बनाएर कमला नदी (पटेर्वाघाट) को समस्या सधैंका लागि समाधान गर्नुपर्छ", यादवले भन्नुभयो, "प्रधानमन्त्रीको प्रतिबद्धतापछि हामी उत्साहित छौं । त्यसलाई निराशामा परिणत नहुने गरी बजेटलगायतको बन्दोबस्त गर्न हाम्रो आग्रह छ ।"

कल्याणपुर नगरपालिका-५ का अध्यक्ष कुलदीपकुमार यादव पनि पुल निर्माणको खबरले त्यहाँका जनता निकै उत्साहित भएको बताउनुहुन्छ । उहाँले वर्षौंदेखि भोग्दै आएको समस्या समाधान र नदी किनारका नागरिकलाई जोड्न निर्धारित समयमै पुल निर्माण हुने अवस्थाका लागि पनि आग्रह गर्नुभयो । "पुल निर्माण हुने भनेपछि हामी उत्साहित भएका छौं । तर त्यही खोलाको अर्को पुल १२ वर्षसम्म पनि नबनेको पीडा पनि देखेका छौं । समयमा काम हुँदैन भनेर जनतामा रहेको अविश्वास तोड्न पनि यो पुल समयमै बनोस्", वडाध्यक्ष यादवले राससँग भन्नुभयो ।

राससँग कुरा गर्नुभएका स्थानीय कारीखर्गा यादव, कुमारी महरा, भिमनिया यादव, कलठरीया यादव र वीना यादवले पनि प्रधानमन्त्रीले समयमै पुल बन्छ भनेर आश्वासन दिएपछि आफूहरु उत्साहित भएको तर त्यो वचन पूरा हुन्छ कि हुँदैन भन्ने संशय भने कायमै रहेको बताउनुभयो ।

महराले भन्नुभयो, "नदीले हामीलाई छुट्याए पनि दुवैतर्फका नागरिकका आफन्त, घरजग्गा वारिपारी छन् । अहिलेसम्म निकै जोखिम मोलेर वारपार गरिरहेका छौं । वर्षायाममा त प्रत्येक पटक रु दुई सयसम्म भाडा तिरेर डुङ्गाको जोखिमपूर्ण यात्रा गर्नुपर्छ । त्यसबाट मुक्तिका लागि सरकार गम्भीर बनोस् ।"

भिमनिया यादवले त आगामी साढे तीन वर्षभित्रै पुल बन्छ भनेको सुन्दा पनि अहिलेसम्मका सबै सास्तीबाट मुक्ति मिलेका जस्तै आभास भएको बताउनुभयो । "पुल नहुँदाको पीडा भनी साध्य छैन । जुगौंदेखि सास्ती भोगिरह्यौं । स्थानीय नेता र प्रधानमन्त्रीले नै अब पुल बन्छ भन्ने आश्वासन दिएपछि केही आशा पलाएको छ । बिन्ति छ यो आशालाई निराशासमा परिणत हुननदिनु होला !", उहाँले भन्नुभयो ।

स्थानीय कारिखर्गा यादव पनि वर्षायाममा कमला नदीले दिएको दुःख सम्भिँदा पनि उदेक लाग्ने गरेको तर अब भने सरकारले आफूहरूको पीडा बुझ्ने आशा पलाएको सुनाउनुहुन्छ । "यत्रो वर्ष दुःख भोगियो । अब त साढे तीन वर्ष मात्रै त हो !", उहाँले खुसी हुँदै भन्नुभयो, "तर, बिन्ती छ त्योभन्दा बढी दुःख भोग्न बाध्य नपार्नुहोला ।"

कल्याणपुर नगरपालिका सिरहाका प्रमुख रामपुकार साहले स्थानीय जनताको मागबमोजिम लामो समयपछि पुल बन्न लागेकामा आफू पनि निकै खुसी र आशावादी बनेको बताउनुभयो । उहाँले यो पुल त्यस क्षेत्रका जनताको विकास, सहज आवागमन र वर्षौंदेखिका समस्या निवारण हुने सपनासँग जोडिएकाले सोहीअनुसार निर्धारित समयमै काम हुनुपर्ने बताउनुभयो ।

"अलि तल हुलाकी सडकअन्तर्गत कमला नदीमाथिको पुल वर्षौंदेखि बन्न नसकेका बेला फेरि यहाँ पुल बन्दैछ । त्यसैले विभिन्न शङ्काउपशङ्का त छन् तर अब भने जनताको विश्वास र सपनालाई तोड्नु हुँदैन । सरकार र सम्बन्धित मन्त्रालयले बजेट व्यवस्थापन, नियमित निगरानी र समयमै काम सम्पन्न गर्ने वातावरण बनाउनुपर्छ । त्यसमा हामी पनि जोडतोडका साथ लाग्छौं", नगरप्रमुख साहले भन्नुभयो ।

**लागत रु एक अर्बभन्दा बढी**

स्थानीय जनताको सपनासँग जोडिएको बहुप्रतिक्षित यो पुल अबको ४२ महिनाभित्रै निर्माण गरिसक्नुपर्नेछ । सोहीअनुसार सम्झौता पनि भइसकेको छ । तर कूल रकम रु एक अर्ब ११ करोड पाँच लाख ७४ हजार आठ सयमा ठेक्का भएको सो योजनाका लागि चालु आर्थिक वर्षमा ६५ लाख मात्रै बजेट विनियोजन गरिएको छ ।

योजनाको लागत धेरै तर चालु आर्थिक वर्षका लागि निकै कम बजेट विनियोजन गरिएकामा कतै बजेटको अभावमा काम नहुने त होइन भन्ने चिन्ता छ । तर भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतको सडक विभाग पुल सेक्टर काठमाडौंका योजना प्रमुख डिभिजनल इन्जिनियर आरती साह योजना कार्यान्वयनका लागि बजेट अभाव नहुने बताउनुहुन्छ ।

उहाँ यस्ता प्रकृतिका योजनामा सुरुमै सबै बजेट विनियोजन नभए पनि बजेटको अभाव नहुने बताउनुहुन्छ । "चालु आवमा रु ६५ लाख मात्रै विनियोजन गरिएको छ । यस हिसाबले त निर्माण कम्पनीलाई एउटा मेसिन ल्याउने पैसा पनि पुग्दैन भन्ने गुनासो हामीले पनि सुनेका छौं तर यही आर्थिक वर्षमा रकमान्तर गरेर बजेट बढ्छ र आगामी आर्थिक वर्षमा अझ बढी बजेट वनियोजन हुन्छ ।"

त्यसैमा गत शनिबार प्रधानमन्त्री दाहालले पुल शिलान्यास र समयमै सम्पन्न गर्नका लागि आफ्नो सम्पूर्ण सहयोग रहने प्रतिबद्धता जनाएपछि आफूहरू थप उत्साहित भएको साहले बताउनुभयो । उहाँ जनविश्वास जित्नका लागि पनि आफूहरूले कुनै प्रश्न नउठ्ने गरी समयमै पुल निर्माण गरिसक्ने बताउनुहुन्छ ।

"स्थानीय जनताको आवश्यकताअनुसार हामी द्रुतगतिमा काम गरिरहेका छौं । एक वर्षभित्र पाइल फाउन्डेसनको काम सकाउने र सकेसम्म विसं २०८२ को माघ नआउनुअघि नै सम्पूर्ण योजनाको कामसक्ने हाम्रो जोड हुन्छ", योजना प्रमुख साहले राससँग भन्नुभयो, "यस कार्यमा प्रधानमन्त्री, विभागीय मन्त्री र सबै तहको दवाव र विश्वास पनि छ । त्यसहिसाबले हामी दत्तचित्त भएर काम गर्छौं ।"

हुन त शिलान्यासपछि आयोजित कार्यक्रममा प्रधानमन्त्री दाहालले पनि आगामी आर्थिक वर्षको बजेटमा पर्याप्त बजेट विनियोजन हुने र बजेट अभावका कारण योजना सम्पन्न गर्न कुनै समस्या आउन नदिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । "पुलका लागि आगामी वर्षको नीति तथा कार्यक्रम एवं बजेटमा विशेष व्यवस्था हुनेछ", प्रधानमन्त्रीले विश्वास दिलाउनुभएको थियो ।

साढे तीन वर्षभित्र पुल निर्माण गरिसक्ने गरी गत वर्ष अर्थात् विसं २०७९ असार २९ गते ठेक्का सम्झौता भइसकेको छ । सम्झौताअनुसार आगामी विसं २०८२ माघ ५ गते (४२ महिना) भित्र पुल निर्माण सम्पन्न गरिसक्नुपर्नेछ ।

कञ्चनवन-जानकी मेडिकल मिथिलेश्वर सबैला एनएच २९ नाम दिइएको योजना निर्माणको काम श्री इलाइट एसबिएजेभी, काठमाडौंले गरिरहेको छ । गत भदौ १८ गते पुलको डिजाइन स्वीकृत भई हाल 'पाइल फाउण्डेशन' को काम चलिरहेको छ ।

दुई लेनको सो पुलमा १० वटा स्पान रहनेछन् भने एउटा स्पानको लम्बाई ६० मिटर हुनेछ । पुलको चौडाई ११ मिटर रहने छ । पुलको दायाँबायाँ नौ सय ५० मिटर पहुँच सडक, दुवैतर्फ चार हजार दुई सय मिटर नदी नियन्त्रण हुने गरी व्यवस्थापन कार्य हुने सम्झौतामा उल्लेख छ ।

यो पुलले धनुषाको छिरेश्वर नगरपालिका रमदैया भवाडीस्थित जानकी मेडिकल कलेज शिक्षण अस्पताल हुँदै जाने सडक सिरहाका सुखीपुर जोड्नेछ । त्यसबाट स्थानीय जनतालाई हुलाकी सडक भएर जानुपर्ने बाध्यता पनि हट्नेछ ।

# साथसाथैले अन्तर्राष्ट्रिय महिला दिवस कालापत्थरमा मनाउने

काठमाडौं, १४ फागुन (रासस) ।

जलवायुपरिवर्तन तथा महिला सशक्तिकरणका क्षेत्रमा काम गर्दै आएको संस्था साथसाथैले यस वर्षको अन्तर्राष्ट्रिय महिला दिवस सगरमाथा क्षेत्रको कालापत्थरमा मनाउने भएको छ ।

जलवायु परिवर्तनले सगरमाथा क्षेत्रमा पारेको असर र हिमाली समुदायले सामना गर्नुपरेका चुनौतीका विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायको ध्यानाकर्षण गराउन समाजका विभिन्न क्षेत्रका प्रतिष्ठित महिलाको समूहले उक्त स्थानमा पदयात्रा गर्न लागेको संस्थाले जनाएको छ ।

साथसाथैका अध्यक्ष प्रजिता कार्कीले सोमबार विज्ञप्तिमार्फत लुक्लाबाट कालापत्थरसम्म पदयात्रा गर्ने र विभिन्न स्थानमा स्थानीय तहका जनप्रतिनिधि तथा समुदायसँग जलवायु परिवर्तनले पारेको असरबारे अन्तरक्रिया गरिने जानकारी दिनुभयो ।

"हामीले विगत तीन वर्षदेखि अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा 'वुमन युनाइटेड फर क्लाइमेट जस्टिस' (जलवायु न्यायका लागि महिला एकता) भन्ने नारासहित कालापत्थरमा पुगेर राष्ट्रिय-अन्तर्राष्ट्रिय निकायको ध्यानाकर्षण गराउँदै आएका छौं । यसपटक पनि हामीले जलवायु परिवर्तनका कारण हिमाल पग्लिंदा हिमालको फेदमा बस्ने समुदायले भोग्नु परेका समस्या र समाधानका उपायबारे विज्ञ र सरोकारवाला निकायसँग अन्तरक्रिया गर्नेछौं", विज्ञप्तिमा उल्लेख छ ।

साथसाथैले विभिन्न क्षेत्रमा अग्रणी भूमिकामा रहेका २५ जना

बाँकी अन्तिम पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# राष्ट्र बैंकले बैंकिङ क्षेत्र ढल्न दिँदैन : गभर्नर अधिकारी

काठमाडौँ, १४ फागुन (रासस) ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले राष्ट्र बैंकको नियामकीय अधिकारभित्र रहेका बैंक तथा वित्तीय संस्थामा समस्या आउन नदिने बताउनुभएको छ ।

नेपाल बैंकर्स सङ्घले सोमबार यहाँ आयोजना गरेको सञ्चारकर्मीसँगको छलफलका क्रममा गभर्नर अधिकारीले बलियो नियामकीय संरचना र वित्तीय आधार भएका कारण कुनै पनि संस्था नडुब्ने दाबी गर्नुभयो । "राष्ट्र बैंकले कुनै संस्थालाई ढल्न दिँदैन । बैंक वित्तीय संस्था फेल हुने अवस्थामा छैनन् । साना संस्थामा केही समस्या आउनसक्छ । तर सर्वसाधारणको बचत रकम कुनै पनि हातलमा डुब्दैन", गभर्नर अधिकारीले भन्नुभयो, "राष्ट्र बैंकले नियमन गरेका संस्थाहरु सजिलै डुब्दैनन् । हाम्रो प्रणाली धेरै हदसम्म राम्रो छ । हामीले लिएका नीति राम्रा छन् । बैंकहरुको खराब कर्जा केही प्रतिशत बढ्यो भन्दैमा समस्या हुँदैन । कर्जाको प्रोभिजनिङ निकै राम्रो छ ।"

अहिले बैंकहरुले नाफा खोज्ने नभई आफू कसरी सुरक्षित रुपमा चलिरहने भनेर सोच्नुपर्ने पनि गभर्नर अधिकारीले बताउनुभयो । पछिल्लो समय बैंक तथा वित्तीय संस्थालाई लक्षित गरी भइरहेका नकारात्मक प्रचारबाजीले पनि समस्या सिर्जना गरेको उहाँले दाबी गर्नुभयो । "लाभांश कम लिनुस तर संस्था चल्नुपर्छ । बैंक तथा वित्तीय संस्थालाई बलियो बनाउनकै लागि मर्जरको नीति लिइएको हो", उहाँले भन्नुभयो, "बैंक तथा वित्तीय संस्था भनेको संवेदनशील क्षेत्र हो । तर हाम्रो समाज र अहिलेकाले बैंकिङ क्षेत्र नै नबुझी गाली गर्ने चलन छ ।"

एउटा बैंकमा समस्या आउँदा अर्को बैंक खुसी हुने खराब प्रवृत्तिले भोलिका दिनमा समग्र बैंकिङ क्षेत्रलाई नै समस्यामा पार्नसक्ने भएकाले सबैले मिलेर अहिलेको समस्या समाधान गर्नतर्फ केन्द्रित हुनुपर्नेमा अधिकारीले जोड दिनुभयो ।

समग्र अर्थतन्त्रमा देखिएको शिथिलताको असर बैंक तथा वित्तीय संस्थाको वित्तीय स्वास्थ्यमा परेको भएपनि उनीहरु डुब्ने अवस्थामा भने नपुगेको गभर्नर अधिकारीले स्पष्ट पार्नुभयो । कोभिड महामारीयताका ठूलो रकम कर्जा प्रवाह भएको र उक्त कर्जा नउठ्दा बैंकहरु थप कर्जा दिन नसक्ने अवस्थामा पुगेको उहाँको भनाइ छ ।

ठूलो रकममा कर्जा लिएका ऋणीहरुले आफ्नो व्यवसायबाट लक्षित नाफा लिन नसक्दा पनि साँवा ब्याज तिर्न मुस्किल भएको उहाँले बताउनुभयो । कोभिड महामारीका कारण नेपाल मात्र होइन विश्वभर नै आर्थिक वृद्धिदर घट्ने र मुद्रास्फीति बढेको देखिएकोमा अहिले बिस्तारै सुधार हुँदै गएको पनि गभर्नर अधिकारीले उल्लेख गर्नुभयो । विगतमा बैंकहरुले धेरै सोचबिचारबिनै ठूलो रकम कर्जा प्रवाह गरेको र ऋणीहरुले पनि आफ्नो तिर्न सक्ने क्षमता विश्लेषण बिनै ऋण लिएको उहाँको भनाइ छ ।

"आफ्नो क्षमता अनुसारको ऋण लिएको भए अहिले समस्या हुँदैनथ्यो । उहाँहरूलाई समस्या पर्नुमा हामी पनि दोषी छौं", गभर्नर अधिकारीले भन्नुभयो । सहकारी क्षेत्र समस्यामा पर्दा त्यसको असर बैंकिङ क्षेत्रमासमेत परेको उहाँले बतानुभयो ।

सहकारी क्षेत्रमा देखिएको समस्या समाधानका लागि नियामकीय अधिकारसहितको विशिष्टीकृत संस्था बनाएर जान आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो छ । त्यस्तै, निर्माण क्षेत्रमा देखिएको समस्याका कारण पनि त्यसको असर समग्र अर्थतन्त्रमा देखिएको गभर्नर अधिकारीको दाबी छ । "निजी क्षेत्र र सरकारी क्षेत्रबाट हुने विकास निर्माण कमजोर छ । निर्माण उद्योग समस्यामा पर्दा सिमेन्ट छडलगायत क्षेत्र समस्यामा पऱ्यो । यसरी बहुआयामिक असर देखिए", उहाँले भन्नुभयो ।

नेपाल बैंकर्स सङ्घका अध्यक्ष सुनील केसीले पछिल्लो समय बैंक तथा वित्तीय संस्था लक्षित गरी अनर्गल प्रचार भैरहेको बताउनुभयो । बैंक तथा वित्तीय संस्थाहरुले सङ्कटको सामना गर्नुपरिरहेका बेला सरकारको तर्फबाट पर्याप्त सहयोग नभएको गुनासो पनि उहाँले गर्नुभयो ।

अहिले ब्याजदर घट्दोक्रममा रहेको र स्थिरतातर्फ गैरहेको उहाँको भनाइ छ । त्यस्तै मुद्रास्फीति घट्दो रहेको, बाह्यक्षेत्र सन्तुलनमा रहेको, रेमिट्यान्स बढेकोलगायत कारण अर्थतन्त्र सहज हुँदै गएको उहाँको दाबी छ ।

समग्र आर्थिक संकुचन आउँदा बैंक तथा वित्तीय संस्थाको नाफा पनि खुम्चिएको उहाँले बताउनुभयो । "बैंकहरुको रिटर्न अन इक्युटी घटिरहेको छ । अहिले यो करिब नौ प्रतिशत मात्रै छ । यो पटकको कर्जा प्रवाह गतवर्षको भन्दा केही बढेको भएपनि लक्ष्यअनुसारको वृद्धि देखिन सकेको छैन", केसीले भन्नुयभो, "यस्तो बेलामा बैंक तथा वित्तीय संस्थाबारे सडकबाट अनर्गल प्रचार भयो । अहिले बैंकिङ क्षेत्रले सबैको साथ खोजेको छ ।"

आर्थिक शिथिलताको असर निर्माण क्षेत्र र साना तथा मझौला उद्योगहरु गम्भीर रुपमा देखिएकाले त्यस्ता क्षेत्रमा प्रवाह भएको कर्जा उठ्न नसकेको र थप कर्जा प्रवाह गर्नसक्ने अवस्था पनि नरहेको केसीको बुझाइ छ । यद्यपि, नेपालको बैंकिङ क्षेत्र दक्षिण एसियाकै उत्कृष्ट रहेको पनि उहाँले जिकिर गर्नुभयो ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

### पाकिस्तानी राष्ट्रपतिद्वारा गरिबी र कुपोषणविरुद्ध एकजुट भएर लड्न आग्रह

इस्लामावाद, १४ फागुन (रासस/सिन्ह्वा) ।

पाकिस्तानका राष्ट्रपति आरिफ अल्वीले गरिबी, कुपोषण, वृद्धावस्था र मातृ तथा नवजात शिशुको मृत्युको चुनौतीसँग लड्न राष्ट्रलाई मिलेर काम गर्न आह्वान गर्नु भएको छ । पाकिस्तानमा दुई करोड ६० लाख बालबालिका विद्यालय बाहिर रहेको उल्लेख गर्दै उहाँले एक कार्यक्रममा आइतबार यस्तो टिप्पणी गर्नु भएका हो । राष्ट्रपति अल्वीले चीनले स्वास्थ्य र शिक्षा क्षेत्रमा ध्यान केन्द्रित गरि लगभग ८० करोड मानिसलाई गरिबीबाट बाहिर निकाल्न मद्दत गरेको उदाहरण पृस गर्दै पाकिस्तानले पनि त्यही विकास मोडेल पछ्याउनु पर्ने बताउनु भएको छ । देश विकासमा महिलाको भूमिकालाई प्रकाश पार्दै राष्ट्रपति अल्वीले पाकिस्तानमा महिला सशक्तिकरणको लक्ष्य हासिल गर्न स्वास्थ्य र शिक्षाको सुविधा प्रदान गर्नु महत्वपूर्ण तत्व भएको बताउनु भयो । उहाँले महिलालाई कार्य अधिकार र सक्षमतामा सहित मुलधारमा समावेश गरि दक्षिण एसियाली देशको आर्थिक विकासमा योगदान पुर्याउन उनीहरूलाई सुरक्षित कार्य वातावरण प्रदान गर्ने महत्वलाई जोड दिनु भयो ।

### अफगानिस्तानको समस्या समाधानका लागि संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को बैठक

काबुल (अफगानिस्तान), १४ फागुन (रासस/एएनआई) ।

खामा प्रेसको रिपोर्ट अनुसार संयुक्त राष्ट्र सुरक्षा परिषदले (सोमबार) अफगानिस्तानमा बैठक गर्ने छ । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले आयोजना गरेको दोहा बैठकपछि अफगानिस्तान सम्बन्धी संयुक्त राष्ट्रसङ्घींय सुरक्षा परिषद्को यो पहिलो सत्र हो । टोलो न्यूजका अनुसार अफगानिस्तानका लागि प्रस्तावित संयुक्त राष्ट्रका दूतलाई संयुक्त राष्ट्र सुरक्षा परिषद्को बैठकमा छलफल गरिने अपेक्षा गरिएको छ । सुरक्षा परिषद्को सत्रमा सुरक्षा परिषद्ले दोहा बैठकको नतिजा र अफगानिस्तानका लागि विशेष प्रतिनिधिको नियुक्तिबारे छलफल गर्ने स्रोतले जनाएको छ । एन्टोनियो गुटेरेसको आयोजनामा दोहा बैठक फेब्रवरी १८-१९ मा भएको खामा प्रेसले रिपोर्ट गरेको छ । अफगानिस्तान सङ्कट समाधानका लागि संयुक्त राष्ट्रसङ्घको विशेष प्रतिनिधिको नियुक्ति संयुक्त राष्ट्रसङ्घ, तालिबान र केही क्षेत्रीय देश बिचमा महत्वपूर्ण विषय बनेको छ ।

यसबाहेक, चीन, रुस र इरानले तालिबानको स्वीकृतिमा अफगानिस्तानका लागि नयाँ प्रतिनिधिलाई स्वीकार गर्ने सर्त राखेका छन् । यद्दपि तालिबानले आफ्नो बयानमा विशेष प्रतिनिधिको नियुक्तिको सार्वजनिक रूपमा विरोध गरेको खामा प्रेसले जनाएको छ । दोस्रो दोहा बैठक पछि संयुक्त राष्ट्रसङ्घका महासचिवले संयुक्त राष्ट्रसङ्घको नयाँ प्रतिनिधि नियुक्तिका लागि परामर्श तुरुन्तै सुरु हुने घोषणा गर्नु भएको छ । संयुक्त राष्ट्रसङ्घद्वारा अफगानिस्तानका लागि विशेष प्रतिनिधिको नियुक्ति , जारी सङ्टलाई सम्बोधन गर्ने महत्वपूर्ण कदम हो । यसले शान्तिपूर्ण समाधान खोज्ने अन्तर्राष्ट्रिय समुदायको प्रतिबद्धतालाई थप जोड दिन्छ ।

### जापानको चन्द्रमा ल्यान्डर चन्द्र रातपछि भयो पुनर्जीवित

टोक्यो, १४ फागुन (रासस/एएफपी) ।

जापानको चन्द्रमा ल्यान्डरले दुई साताको चन्द्र रातपछि ब्युँझिएर आश्चर्य उत्पन्न गरेको मुलुकको अन्तरिक्ष एजेन्सीले सोमबार बताएको छ । मानवरहित स्मार्ट ल्यान्डर फर इन्भेस्टिगेटिङ मुन (एसएलआइएम) गत महिना एउटा अस्पष्ट कोणमा तल खस्दा यसको सौर्य प्यानल गलत दिशामा गएको थियो ।

जापान एयरोस्पेस एक्सप्लोरेसन एजेन्सी (जेएएक्सए) ले सूर्यको कोण परिवर्तन भएपछि ल्यान्डर दुई दिनका लागि पुनर्जीवित भएको र एउटा उच्च-विशिष्ट क्यामेरामार्फत एउटा क्रेटरको वैज्ञानिक अवलोकन गरेको बताएको छ । अँध्यारो हुनेबित्तिकै यो फेरि सुत्यो । यसलाई कठोर चन्द्र रातहरूका लागि डिजाइन गरिएको थिएन । यो फेरि ब्युँझिने छ भन्नेबारेमा जेएएक्सए अनिश्चित थियो ।

"हिजो हामीले एउटा कमान्ड पठाएका थियौं र यसको एसएलआइएमले जवाफ दिएको छ", जेएएक्सएले सोमबार सामाजिक सञ्जाल एक्समा भनेको छ, "एसएलआइएम आफ्नो सञ्चार कार्यलाई कायम राख्दै चन्द्रमाको सतहमा एक रात जीवित रहन सफल भयो, अहिले पनि चन्द्रमामा दिउँसो थियो र सञ्चार उपकरणको तापक्रम अत्यधिक भएकाले थोरै समयका लागि सञ्चारलाई बन्द गरियो ।"

"जब उपकरणको तापक्रम पर्याप्तरूपमा चिसो हुनेछ सञ्चालन पुनः सुरु गरिने तयारी भइरहेको छ", एक्समा भनिएको छ । आफ्नो सटिक अवतरण प्रविधिका लागि 'मुन स्नाइपर' भनिने एसएलआइएम जनवरी २० मा आफ्नो लक्षित अवतरण क्षेत्रभित्र पुगेको थियो । हालैका असफलताहरूपछि यो उपलब्धि जापानको अन्तरिक्ष कार्यक्रमको एउटा जित थियो । यसबाट अमेरिका, सोभियत सङ्घ, चीन र भारतपछि चन्द्रमामा 'सफ्ट ल्यान्डिङ' हासिल गर्ने जापान पाँचौं मुलुक बनेको छ ।

# संसद भवनमा प्रवेश गरेका ४९ जना पक्राउ



**दैनिक समाचारदाता**
**काठमाडौं, १४ फागुन ।**

निषेधित क्षेत्र तोडेर काठमाडौँको बानेश्वरस्थित संसद भवनमा प्रवेश गरेको लघुवित्तबाट ऋण लिएका ४९ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

संसद भवनमा प्रवेश गरेको आरोपमा ४८ जना महिला र १ जना पुरुषलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी परिसर काठमाडौँका सूचना अधिकारी (एसपी) नवराज अधिकारीले बताए ।

नयाँबानेश्वरस्थित संघीय संसद् भवनमा संसद् बैठक चलिरहेका बेला लघुवित्तका ऋणीहरु परिसरमै नाराबाजी गर्न पुगेका हुन् ।

लघुवित्तको ऋण तिर्न नसकेर समस्यामा परेका र पैदल हिंडेर काठमाडौंमा आन्दोलन गर्न आएका ऋणीहरु सोमबार संसद् भवनभित्रै प्रवेश गरेका हुन् ।

# श्रमजीवी पत्रकारको पारिश्रमिक वृद्धिको माग

काठमाडौँ, १४ फागुन ।

श्रमजीवी-पत्रकार सङ्घ, नेपालले श्रमजीवी पत्रकारको पारिश्रमिक वृद्धिको माग गरेको छ । सङ्घले आइतबार एक विज्ञप्ति जारी गरी श्रमजीवी पत्रकारको पारिश्रमिक प्रत्येक २/२ वर्षमा वृद्धि गर्ने कानुनी मान्यता भए पनि विगत ६ वर्षदेखि वृद्धि नभएको भन्दै पारिश्रमिक वृद्धिको माग गरेको हो ।

गत जेठमा पारिश्रमिक वृद्धिको सिफारिस भए पनि मन्त्रिपरिषद्बाट निर्णय भई राजपत्रमा प्रकाशित हुनुपर्नेमा मन्त्रिपरिषद्अन्तर्गतको आर्थिक तथा पूर्वाधार समितिमा राखिएको सङ्घले बताएको छ । सङ्घले पारिश्रमिक वृद्धिलगायत साना तथा स्वरोजगार ‘मिडिया’को संवर्द्धन र संरक्षणका लागि ‘अनलाइन, मल्टिमिडिया’ र छापा माध्यामका लागि लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने, समानुपातिक विज्ञापन प्रणाली लागु गर्ने एवं स्थानीयको विज्ञापन स्थानीय मिडियालाई प्राथमिकतामा पार्नुपर्ने, बिनाधितो र बिनाब्याज रु पाँच करोडसम्म ऋण दिने व्यवस्था गर्नुपर्नेलगायत माग गरेको छ ।

### *साथसाथैले ...*

महिलासहित यही फागुन १७ गते काठमाडौँबाट लुक्लातर्फ प्रस्थान गर्ने, फागुन १९ गते स्याङबोचेमा ‘जलवायु न्यायका लागि सरकार र समुदायलाई जोड्न महिला सशक्तिकरण’ भन्ने नारासहित स्थानीय जनप्रतिनिधि र स्थानीय समुदायसँग अन्तरक्रिया जनाएको छ ।

स्याङबोचेमा कार्यक्रमपछि पदयात्रा गर्दै ८ मार्चमा कालापत्थरमा पुगेर राष्ट्रिय-अन्तर्राष्ट्रिय समुदायलाई हिमाल पग्लिँदा समुदायमा परेको असर, कृषि र पर्यटन क्षेत्रमा परेको मारलगायतका विषयमा ध्यानाकर्षण गराउने अध्यक्ष कार्कीले उल्लेख गर्नुभएको छ ।

यसअघि संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले पनि सोलुखुम्बुको स्याङबोचेमा पुगेर हिमाल पग्लिने क्रम बढेकोप्रति विश्व समुदायको ध्यानाकर्षण गराउनुभएको थियो ।

### *राजेन्द्र महतोद्वारा...*

अभियानमा जोडिने सक्ने बताए ।

यस्तै महतोले बहुल राष्ट्रिय राज्य व्यवस्थाको माग अघि सारेका छन् । ‘देशमा एकल राष्ट्रिय राज्यको चिन्तन सोचबाट संविधान निर्माण र राज्यको सञ्चालन भई रहेको कारणले नेपाल सबै नेपालीको लागि बन्न सकेन’, महतोले पत्रकार सम्मेलनमा वितरण गरेको विज्ञप्तिमा भनिएको छ, ‘नेपाली समाजको सत्वसँग मेल नखाने यिनीहरूको वैचारिकी धरासायी गराएपछि मात्र स्वदेशीय सभ्यताको आत्मिक जगमा बहुल राष्ट्रिय राज्य व्यवस्थाको निर्माण सम्भव छ । नेपाल राज्यको प्राकृतिक सत्ता भनेको बहुल राष्ट्र राज्य हो, सो तर्फ नेपालको राजनीति स्वाभाविक रूपले अगाडि बढ्छ नै ।’

वर्तमान शासकीय नीति बिरुद्ध ‘जुटौँ र आफ्नो सत्ता हासिल गरौँ’ अभियान तहत सबै एकताबद्ध भएर राष्ट्रिय मुक्ति क्रान्ति गर्नुको विकल्प नरहेको महतोको भनाइ छ ।

‘यही क्रान्तिले देशमा सबै नेपालीका लागि शासन र संविधानमा परिवर्तन ल्याउने छ र नेपाल सबै नेपालीका लागि निर्माण गर्ने छ’, महतोको दाबी छ, ‘अबको आगामी क्रान्ति कुनै एक दल वा कुनै एक पीडित समुदायबाट सम्भव नै छैन । तसर्थ विद्यमान सम्पूर्ण परम्परागत पार्टीबाट माथि उठी, औपनिवेशिक चिन्तन सोचको प्रभावलाई तिलाञ्जलि दिएर सम्पूर्ण उत्पीडित जनता जुटेर उठे हाम्रो देशको गौरवशाली वैभव प्राप्त गर्न सम्भव छ ।’ यसको निम्ति साथ दिन उनले सबैसँग अनुरोध समेत गरेका छन् ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**बलान बिहुल गाउँपालिका, सप्तरी**

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*